**संघीय संसद**
**राष्ट्रिय सभा**
**चौथो अधिवेशन**
**बैठक - २३**
**सूचना पत्र - २**
**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७६ असार १८ गते बुधबार**

संघीय संसद, राष्ट्रिय सभाको चौथो अधिवेशनको तेईसौं बैठक सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा **विहान ११:०० बजे** प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथि राष्ट्रिय सभा नियमावली, २०७५ (संशोधन सहित) को नियम १३४ बमोजिम खर्च कटौतीको प्रस्ताव गर्नुहुने माननीय प्रकाश पन्थलाई आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै छलफलमा भाग लिन समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले निर्धारित विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिने माननीय सदस्यहरूको नाम दलीय आधारमा प्राप्त हुन आएको जानकारी गराउनुहुँदै निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो :

| | | |
|---|---|---|
| १. मा. कालीबहादुर मल्ल | २. मा. रमेश जंग रायमाझी | ३. मा. खेमराज नेपाली |
| ४. मा. राधेश्याम अधिकारी | ५. मा. नरपति लुवार | ६. मा. प्रमिला कुमारी |
| ७. मा. महेश कुमार महरा | ८. मा. रामचन्द्र राई | ९. मा. मुक्ता कुमारी यादव |
| १०. मा. शेर बहादुर कुँवर | ११. मा. रमेश प्रसाद यादव | १२. मा. नैनकला ओझा |
| १३. मा. हरिचरण शिवकोटी | १४. मा. ठगेन्द्र प्रकाश पुरी | १५. मा. उदया शर्मा पौडेल |
| १६. मा. खिम कुमार वि.क. | १७. मा. रामलखन चमार | १८. मा. बद्रीप्रसाद पाण्डे |
| १९. मा. डा. विमला राई पौड्याल | | |

तत्पश्चात्, सम्माननीय अध्यक्षले विनियोजन विधेयक, २०७६ अन्तर्गत श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, परराष्ट्र मन्त्रालय र गृह मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले आगामी बैठकमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रक्षा मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, राष्ट्रपतिको कार्यालय र उपराष्ट्रपतिको कार्यालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथि छलफल हुने व्यहोरा जानकारी गराउनुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक सम्वत् **२०७६ साल असार १९ गते विहीबार विहान ११:०० बजे** बस्ने गरी दिनको **२:०० बजे** बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव